# बजेट बक्तब्य

यस कलैया उप-महानगरपालिकाको चौथो नगरसभामा सम्पुर्ण सभा सदस्यज्यूहरु हार्दिक आभार प्रकट गर्दछु । यस अवसरमा राजनीतिक परिवर्तनका लागि विभिन्न समयमा भएका प्रजातान्त्रिक आन्दोलनहरु एवं मधेश आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु । त्यसैगरी राष्ट्रियता, स्वाधिनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिको लागि संघर्ष गर्नुहुने आम नेपाली नागरिक र त्यसको सक्षम नेतृत्व गर्नुहुने राजनीतिक व्यक्तित्वहरुप्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु ।

जनताहरुको सिधा-प्रत्यक्ष सम्बन्ध रहेको संस्था नै स्थानीय निकाय हो । स्थानीय निकायबाट प्रवाह गरिने सेवामा सरलता, विकास निर्माणका कार्यलाई गुणस्तरीयता एवं नतिजामुखि बनाई स्थानीय शासन प्रक्रियालाई जनमुखी, जवाफदेही, पारदर्शी, उत्तरदायी, समावेशी र सहभागितामूलक बनाउने कुरालाई बजेटले उच्च प्राथमिकता दिएको छ ।उपलब्ध श्रोत र साधनको उच्चतम परिचालनबाट तिव्र शहरीकरणको व्यवस्थापनका साथै नगरबाट प्रदान गरिने सेवा र सुविधामा कुनै कमी/कमजोरी नहोस् भन्ने कुरामा सिङ्गो उपमहानगरपालिका सदैव सचेत रहँदै आएको छ ।

यसलाई दृष्टिगत गरी प्रस्तुत बजेट, नीति तथा कार्यक्रम नेपालको संविधान २०७२ का मार्ग निर्देशक सिद्धान्त तथा विकास नीति, स्थानीय सरकार संचालन ऐन, २०७४, चालु पन्धौ आवधिक योजनाका लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति एवं स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित), न्यूनतम शर्त तथा सम्पादन कार्यविधि, २०६६, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय एवं राष्ट्रिय योजना आयोगबाट प्राप्तमार्गदर्शन र निर्देशन तथा नेपाल सरकार र प्रदेश सरकारबाट समय-समयमा जारी भएका परिपत्रहरु तथा नीतिगत मार्गदर्शनको सीमा भित्र रही अगामी आ.व. ०७६/०७७ को बजेट तथा कार्यकम तयार गरीएको छ ।

यस पृष्ठभूमिमा आर्थिक बर्ष ०७६/७७ को बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय जनसहभागिता, सामाजिक समावेशीकरणको माध्यमद्वारा समुदायको सशक्तिकरण, गरिबी न्यूनीकरण, आधारभुत स्वास्थ्य सेवाको पहुचमा विस्तार, स्थानीय पूर्वाधार सेवाको विस्तार, सेवा प्रवाहमा सरलीकरण, सुशासन पारदर्शिता र जवाफदेहिता एवं सूचना मैत्री बिकास प्रशासनलाई उच्च प्राथमिकता दिईएको छ ।

त्यस्तै योजना तर्जुमा र कार्यान्वयन गर्दा प्रत्येक वडा भेलाहरुबाट प्राथमिकताको आधारमा सिफारिस भई आएका र वडा समितिबाट प्राथमिकिकरणमा राखि छनौट भएका कार्यक्रम तथा योजनाहरुलाई उपलब्ध श्रोतसाधन र स्थानीय आवश्यकता अनुसार कार्यान्वयन गरिनेछ ।

*"तपाईले तिरेको कर तपाईकै नगरको विकासका लागि"* भन्ने मूल ध्येयका साथ कर संकलन र करदाता वृद्धि कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । यसका लागि करदाता मैत्री प्रशासनमा जोड दिई सचेतना कार्यक्रम, सुचना सम्प्रेषण, करदाता घरदैलो कार्यक्रम र करदाता मैत्री व्यवहारको विकासमा जोड दिइनेछ । यस्ता कार्यक्रम सन्चालन गर्दा सम्पूर्ण नगरवासीहरुको तर्फबाट सद्भाव र सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

कलैया उपमहानगरपालिका क्षेत्रमा योजना तथा कार्यक्रम संचालनमा महिला, बालबालिका, आदिवासी जनजाति, आर्थिक तथा सामाजिक रुपमा पिछडिएका वर्ग तथा क्षेत्र, ज्येष्ठ नागरिक, दलित, फरक क्षमता भएका व्यक्तिहरु, मधेशी, मुस्लिम तथा पिछडा वर्ग, लैंगिक अल्पसंख्यक आदिको विकास र उत्थानका निम्ति विशेष जोड दिईएकोले प्रस्तुत बजेट सो लक्ष्य प्राप्तिमा समेत उपयोगी सिद्ध हुने विश्वास लिएको छु।

समृद्ध नेपाल, सुखी नेपाली बनाउने राष्ट्रिय संकल्पलाई शिरोधार्य गर्दै कलैया उपमहानगरपालिककालाई समृद्ध नगरपालिकामा रुपान्तरण गर्नको लागि विगतका असल अभ्यासहरुलाई निरन्तरता दिदै पुर्वाधार बिकासलाई कृषिक्षेत्रको व्यवशायिकरणसंग आवद्ध गराउने, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई जस्ता मानव विकासका क्षेत्रमा लगानी बढाउने र दैनिक प्रशासन लगायत विकासका सबै पक्रियामा सुशासनका आधारभूत मान्यतालाइ संस्थागत गर्ने तपसिलका उदेश्य तथा क्षेत्रगत प्राथमिकता सहित यस नगरपालिकाको आगामी आ.व. २०७६।७७ लागि तपशिल बमोजिम लक्ष्य, उदेश्य र क्षेत्रगत नीति प्रस्तुत गरेको छु।

## लक्ष्य

समृद्ध कलैयाको अवधारणालाई साकार पार्न महानगरीय परिकल्पनाका साथ अल्पकालिन तथा दिर्घकालिन विकासका योजनाहरु मार्फत *"समृद्ध कलैया सुखी कलैया नगरवासी"* निर्माण गर्ने।

## उद्देश्य

१. दिगो स्थानीय पूर्वाधार विकासको माध्यमद्वारा नगरलाई आधुनिक र सुविधायुक्त बनाउने।
२. सङ्घीय संरचना र समावेशी लोकतन्त्रको अवधारणा अनुरुप सामाजिक एवं आर्थिक रुपमा पछाडी परेका महिला, दलित, अपाङ्ग महिला तथा बालबालिकाहरुलाई आत्मनिर्भरहुने खालका विभिन्न सिपमुलक तालिमहरुको माध्यमबाट विकासमा मुल प्रवाहिकरण गर्ने।
३. आधुनिक तथा स्थानीय सिप र प्रविधिको उपयोग गर्दै वातावरणमैत्री शासन पद्धतिको अवलम्बन गरि नगरलाई स्वच्छ सुन्दर र हराभरा बनाउने।
४. योजनाहरु संचालनमा सरकारी, गैर सरकारी र सामुदायिक संस्था तथा उपभोक्ता समिति एवं सरोकारवाला निकायहरुको भूमिका स्पष्ट गर्दैस्थानीय शासन र विकास प्रक्रियामा उत्तरदायी र जवाफदेही बनाउने।
५. सामाजिक परिचालनको माध्यमद्वारा जनसहभागिता अभिवृद्धि गर्दै समुदायको सशक्तिकरण र क्षमता विकास गरि लक्षित वर्ग उन्मुख कार्यक्रम मार्फत गरिबी न्यूनीकरणमा सहयोग पुर्याउने।
६. आधारभूत शहरी सेवाको पहुँच नपुगेका नयाँ वडाहरुमा शहरी सेवाको विस्तार र विकास गर्दै सघन शहरी विकास कार्यक्रमसंग आवद्ध गर्ने।
७. नगर क्षेत्रमा पर्यटन पूर्वाधारको विकास एवं ऐतिहासिक, धार्मिक तथा सास्कृतिक धरोहरहरु, ताल, तलाउ, मठ, मन्दिर, मस्जिद तथा पार्कहरुको संरक्षण र विकास गरि आन्तिरिक र वाह्य पर्यटनको प्रर्वद्धन गर्ने।
८. नगर प्रोफाईल तयारी तथा अद्यावधिक, नगरको विस्तृत आवधीक योजना, नगरको पर्यटन गुरु योजना, सडक यातायात गुरुयोजना आदि तयार गरि योजना वद्ध ढंगले विकास प्रकृया अगाडी बढाउने।
९. कर प्रशासनलाई सेवाग्राहीमैत्री बनाउन चुस्त, पारदर्शि र प्रविधि मैत्री बनाउदै राजश्वका नयाँ क्षेत्रको पहिचान र करको दायरा विस्तार गरि राजश्व अभिवृद्धि गर्दै आत्मनिर्भर बन्ने।
१०. नगरपालिका क्षेत्र भित्र एकीकृत जग्गा विकास, एकीकृत वस्ती विकास र एकीकृत आवास कार्यक्रम सञ्चालनमा ल्याउने।
१२. सार्वजनिक नीजि साझेदारीको अवधारणा अनुसारपूर्वाधार विकास, फोहोरमैला व्यवस्थापन जस्ता कार्यहरुमा लाभ, लागत र जोखिममा साझेदारी हुने गरि योजना तथा कार्यक्रम सञ्चालन गर्ने।

१३. योजना तथा कार्यक्रमहरुको गुणस्तरियता सुनिश्चित गर्न अनुगमन तथा मुल्याङ्कनलाई प्रभावकारी बनाउने ।

१४. सफा, प्रदुषणरहित कलैया निर्माणको लागि क्लिन कलैया अभियानलाई प्रभावकारी बनाउन सार्वजानिक सौचालय निर्माण, हरेक घरमा सौचालय निर्माण तथा प्रयोगलाई अनिवार्य गर्दै वायु, ध्वनि, जल, जमिन प्रदुषण नियन्त्रण गर्ने उपायहरु अवलम्वन गर्ने ।

## क्षेत्रगत नीतिहरु

### १ पूर्वाधार सम्वन्धी

१.१ आम सेवाग्राहीहरुलाई सेवा प्रदान गर्ने जनताको सवैभन्दा नजिक रहेको सेवा प्रदायक कार्यालय वडाकार्यालयको आफ्नो भवनको आवश्यकता खटकिएकाले भवन नभएका वडा कार्यालयहरुको भवन निर्माणको कार्य आगामी ३ वर्ष भित्र सवै वडा कार्यालयहरु निर्माण गर्ने गरी आगामी आ.व.मा ४ वडा कार्यालय एकिकृत भवन निर्माणको लागि आवश्यक स्रोत विनियोजन गरिनेछ । साथै पुनः संरचनापूर्व निमार्ण भई संचालनमा रहेका वडा कार्यालयहरुका भवनलाई अवश्यकता वमोजिम मर्मत संभार गरिनेछ ।

१.२ प्रत्येक घरमा अनिवार्य शौचालय सहित सवै वस्तीहरुमा खानेपानी एवं सरसफाईजन्य क्रियाकलापलाई उच्च प्राथमिकता सहित संचालन गरिनेछ ।

१.३ भविश्यको पुस्ताको आवश्यकता, नगरको पहिचान तथा विकासको दुरगामी सोँच सहित नया निर्माण तथा विस्तार गरिने सडकको चौडाइ कम्तिमा २० फुट कायम गरिएको छ ।

१.४ वस्तीहरुमा गरिदै आएको ढलान कार्यलाइ प्रभावकारी बनाउदै श्रोत र साधनको अधिकतम सदुपयोगको लागि आगामी आ.व.वाट १३ फुट भन्दा कम चौडाइ हुने गरी नापजाच तथा ढलान कार्य गर्न अनुमति दिइने छैन ।

१.५ निर्मित **पुर्वाधार**को मर्मत संभारको लागि **मर्मतसंभार कोष**को स्थापना गरिनेछ । उक्त कोषवाट साविकमा निर्मित संरचनाहरुको मर्मत सभार तथा तत्काल गर्नु पर्ने मर्मत संभारको कार्य गरिने छ ।

१.६ कृषि व्यवसायिकरणको लागि जनसहभागितामा आधारित साना सिंचाई कार्यक्रमहरु प्रवर्द्धन गरिनेछ ।

१.७ उपभोक्ता समितिहरुको माध्यमवाट गरिने सवै विकास निर्माण कार्यमा लाभान्वित समुदायवाट, १० प्रतिशत श्रमदानको सुनिश्चितता भई नगद रकम बैक दाखिला भए पछि मात्र ९० प्रतिशत रकम नगरपालिकावाट व्यवस्था गरिनेछ ।

१.८ टोल वस्तीमा जाने ग्रामिण सडकहरु कम्तिमा २० फिट चौडाइको मापदण्ड तोकिएकोले बाटोको Alingment मा पर्ने जग्गामा जग्गाधनीहरुवाट निशुल्क जग्गा उपलब्ध हुने सुनिश्चितताको लिखित कागजात पेश गर्नु पर्नेछ ।

१.९ सुरक्षित तथा व्यवस्थित शहरीकरणको लागि नक्सापास कार्यलाइ अभियानकै रुपमा संचालन गरिने छ । नक्सापास दस्तुर तथा दण्ड जरिवानावापतको रकमलाइ सामयिक बनाइने छ । अनुमति नलिइ विगतमा निर्मित घरहरुको जरिवाना लिइ अभिलेखीकरण गरिनेछ ।

### २. आर्थिक विकास

२.१ कलैया उपमहानगरपालिका मुलतः कृषि तथा पशुपालनमा आधारित रहेकाले कृषिको माध्यमवाट आय आर्जन एवं स्वरोजगार अवसर विकासको लागि विशेष प्राथमिकताका साथ कार्यक्रमहरु संचालन गरिनेछ । सो को लागि कार्यविधि तयार गरी लागू गरिने छ ।

२.२ संभाव्यता पहिचान गरी प्रत्येक वडामा उखु पकेट, तरकारी पकेट, अर्गानिक तरकारी पकेट, वाखा पकेट, दुध पकेट जस्ता कम्तिमा एक कृषि उपजको पकेट क्षेत्र अवधारणा अवलम्वन्न गरिनेछ ।

२.३ कृषकलाई प्रोत्साहनको लागि कम्तिमा ५ कठ्ठा जग्गामा केरा, मेवा, कागती लगाउने कृषकलाइ प्रति कठ्ठा रु ५०००।- का दरले २ वर्ष सम्म अनुदान, ५० वटा भन्दा वढी फलफुलका बोट लगाएका कृषकलाई प्रतिबोट रु ५० का दरले २ वर्ष सम्म नगद अनुदान रकम उपलब्ध गराउन कृषि विकास

प्रवर्द्धन अनुदान कोषको व्यवस्था गरिनेछ । उक्त प्रोत्साहन सुविधा प्राप्तिको लागि नगरपालिकाले मापदण्ड बनाई लागु गर्नेछ ।

२.४ निजी साना सिंचाई कार्यमा तोकिए बमोजिम अनुदान सहयोग उपलब्ध गराइने छ ।

२.५ समुदायमा आधारित कृषि उपजको बजारीकरणको लागि कृषि विकास कार्यक्रमबाट सहयोग उपलब्ध गराइने छ ।

२.६ पशु विकास कार्यक्रमलाई विशेष प्राथमिकता दिइने छ । पशु विकासको लागि विशेष लक्षित एवं मागमा आधारित प्राविधिक सेवा सुलभ एवं सहज बनाइने छ ।

२.७ बाखा पालनलाई व्यवसायिक बनाउन खोर सुधारको लागि २० भन्दा बढी बाखा पालन गर्ने किसानको व्यवसाय दर्ता गरी व्यवसायिकताको आधारमा नगद प्रोत्साहन प्रदान गरिनेछ । सो को लागि अनुदान कार्यविधि बनाई लागू गरिनेछ । साथै पोषिलो घास विकास कार्यक्रमलाई बाखा पकेट क्षेत्रमा अभियानकै रुपमा संचालन गरिनेछ ।

२.८ उन्नत गाई वा भैसी पालन व्यवसाय मार्फत रोजगार एवं स्वरोजगार प्रवर्द्धन गर्न कम्तिमा ५ वा सो भन्दा बढी उन्नत जातको दुहनो गाई वा भैसी पालक किसानलाई प्रति गाई भैसी बराबर रु ५००० नगद प्रोत्साहन उपलब्ध गराइने छ । सो को लागि **व्यवसायीक, कृषि, पशुपालन तथा मत्स्य विकास प्रोत्साहन कोषको** स्थापाना गरिने छ ।

२.९ कम्तिमा २ रोपनी क्षेत्रफलमा माछापालक कृषकलाई पोखरी निर्माणको लागि प्रति रोपनी रु ५०००।- नगद प्रोत्साहन रकम उपलब्ध गराईनेछ ।

२.१० सहकारीको प्रवर्द्धन गरी कृषि एवं पशु पालनमा सहयोग पुर्‍याइनेछ । सहकारी संस्थाहरुको क्षमता विकासको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

२.११ पशु बिमा कार्यक्रमलाइ उच्च प्राथमिकताका साथ संचालन गरिने छ । सो को लागि कृषकहरुलाई पशु बिमाको रकम सहज रुपमा भुक्तानी उपलब्ध गराउन बिमा कंपनी, कृषक तथा नगरपालिका बीच पशुबिमा साझेदारी कार्यक्रम संचालन गरिने छ ।

२.१२ प्रत्येक वडामा कम्तिमा एक/एकवटा कृषि एवं पशु व्यवसायमा आधारित सहकारी विकास गरिने छ ।

## ३. सामाजिक सेवा

३.१ सामूदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि शिक्षक दरवन्दी मिलान विद्यालयहरु मर्जर, शिक्षक तालिमलाई विशेष प्राथमिकता साथ संचालन गरिने छ ।

३.२ प्रत्येक वडामा एउटा अगुवा (लिडिड) विद्यालय तोकी सो विद्यालयको संयोजनमा अन्य विद्यालयहरु बीच विद्यार्थी अन्तरक्रिया तथा शैक्षिक गतिविधि आदान प्रदान कार्यक्रम संचालन गरिने छ ।

३.३ शिक्षण गुणस्तर सुधारको लागि विद्यालयमा पठनपाठनको निरन्तरता नियमितता, शिक्षकहरुको हाजिरि नियमित उपस्थिति आदिमा सुधारको लागि वडा समितिका पदाधिकारीहरु, विद्यालय व्यवस्थापन समिति तथा प्र.अ.हरु बीच नियमित अन्तरक्रियाको लागि मासिक बैठक संचालन गरिनेछ ।

३.४ विद्यालयको भवन, पुस्तकालय, प्रयोगशाला, शौचालय, फर्निचर, कम्पाउण्ड वाल जस्ता शिक्षाको गुणस्तरमा सुधारको लागि आधारभुत पूर्वाधारमा लगानी बढाइने छ ।

३.५ शैक्षिक गुणस्तर सुधारको लागि नगरभित्रका विद्यालयको उत्कृष्ठ विद्यालय एवं शिक्षक छनौट गरी पुरस्कृत एवं नगरशिल्ड उपलब्ध गराउने कार्यको थालनी गरिने छ ।

३.६ नगर भित्र संचालन हुने सबै खेलकुदको लागि शिक्षा तथा खेलकुद शाखाबाट वार्षिक कार्यक्रम बनाई एकद्धार प्रणालीको माध्यमबाट खेलकुदको विकासमा सहयोग पुर्‍याइनेछ ।

३.७ पुर्व बालशिक्षाका शिक्षिकाहरुलाई प्रोत्साहन स्वरुप मासिक रु १००० प्रदान गरिने छ । प्रत्येक बालशिक्षाका कक्षाहरुलाइ बालमैत्री बनाउन प्रत्येक विधालयलाई रु ५००००(पचास हजार) अनुदान उपलब्ध गराइने छ भने पर्खाल लगाइएको तथा गेटको व्यवस्था भएका सामुदायिक विद्यालयहरुलाइ स्थायी प्रकृतिका बालमैत्री खेलसामग्रीहरुको लागि सबै वडाम पर्ने गरी २७ वटा विद्यालयको प्रति विद्यालय रु २५०००० का दरले अनुदान उपलब्ध गराइने छ । यस्ता सामग्रीहरु सबै बिद्यालयमा

एकैनासको तथा सुरक्षित र गुणस्तरीय बनाउनको लागि शिक्षा समितिको सिफारिसमा प्रतिष्पर्धात्मक तवरबाट गराइने छ ।

३.८ प्रत्येक वडामा कम्तिमा एउटा सामुदायिक विद्यालयमा अग्रेजी माध्यमबाट पठन पाठन संचालनको लागि करार सम्झौता गरिनेछ ।

३.९ स्वास्थ सेवाको गुणस्तर सुधारको लागि महिला स्वंम सेविकालाई मासिक रुपमा रु५००। प्रोत्साहन उपलब्ध गराइने छ । स्वास्थ संस्थाहरुको भवनहरुको मर्मत तथा पानी, बिद्युत तथा शौचालय जस्ता अत्यावश्यक सुविधा उपलब्ध गराइने छ । नेपाल सरकारले तोकेका निशुल्क औषधीहरु नियमित रुपमा उपलब्ध गराइने छ । सुरक्षित मातृत्वको लागि गर्भवति तथा सुत्केरी महिलाहरु लक्षित एमबुलेन्स खरिद गरिने छ ।

३.१० आर्थिक रुपमा विपन्न दलित तथा सिमान्तकृत समुदायका युवायुवती लक्षित स्वरोजगारमुलक सीपविकास तालिम संचालन गरिने छ ।

३.११ प्राविधिक विषयमा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुले अध्ययन प्रयोजनकोलागि अध्ययन गर्ने सस्थालाइ बैक मार्फत बुझाएको ऋणको ब्याज भुक्तानी तोकिए बमोजिम बैंकलाइ भुक्तानी गर्न **उच्च शिक्षा अध्ययन ब्याज रकम सहयोग** कार्यक्रम संचालन गरिने छ । यस कार्यक्रमबाट धेरै विधार्थीहरु लाभान्वित हुने अपेक्षा लिएको छु ।

## ४. बन, वातावरण संरक्षण तथा विपद व्यवस्थापन

४.१ पूर्वाधार निर्माणमा खासगरी सडक निर्माणलाई वातावरण मैत्री बनाइने छ ।

४.२ वातावरण संरक्षणको लागि व्यापक रुपमा जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

४.४ सार्वजनिक जग्गाहरु, पोखरी, ताल, तलैया संरक्षणमा विशेष लगानी गरिने छ ।

४.५ बिपद व्यवस्थापनको लागि विपद व्यवस्थापन कोषको स्थापना गरिने छ । विपद व्यवस्थापन कार्य विधिको मापदण्ड बमोजिम एकद्वार माध्यमबाट विपद परेकालाई तत्काल उद्धार राहत र सहयोगको कार्यक्रम संचालन गरिनेछ । वडा एवं वस्ती स्तरमा विपद व्यवस्थापनको लागि नागरिक परिचालन गर्न नगर, वडा र वस्ती स्तरीय विपद व्यवस्थापन समिति गठन गरिने छ ।

४.६ प्रत्येक वडामा वहुउदेश्यीय नर्सरी सार्वजनिक निजी साझेदारीमा संचालन गरिनेछ ।

४.७ सार्वजनिक जग्गाको अभिलेख अधावधिक गर्ने, गैह कानुनी रुपमा निजी बनाइएका सार्वजनिक जग्गाहरु पुनः सार्वजनिक बनाउन कानुनी उपचार तत्काल थालिने छ र यस्ता जग्गाहरु नापजाँच, सिमाकन, तारबार, अतिक्रमण हटाउने तथा वृक्षरोपण कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ ।

४.८ विपद न्यूनीकरणका लागि विभिन्न सचेतनामूलक कार्यक्रम संचालन गरिने छ ।

४.९ बिपद व्यवस्थापन पुर्वतयारी स्वरुप अत्यावश्यक सामग्रीहरु तयारी अवस्थामा संचय गरिने छ ।

## ५ सुशासन तथा संस्थागत विकास

५.१ सार्वजनिक खर्चलाई उत्पादन मुलक बनाउन आन्तरिक नियन्त्रण सम्वन्धी कार्यविधि बनाइ लागू गरिनेछ । कर्मचारीहरुको आचार संहिता लागू गरिनेछ ।

५.२ प्रोत्साहन प्रणालीलाइ सुचकांकमा आधारित बनाइने छ । सो को लागि कार्यविधि तयार गरी लागू गरिने छ ।

५.३ पदाधिकारीहरुको लागि आचार संहिता तयार एव पारित गरी लागू गरिनेछ ।

५.४ राजस्व संकलन सुधारको लागि कार्यक्रम संचालन गरिने छ । कम्पयुटराइज्ड बिलिड प्रणाली अवलम्वन गरिने छ । राजस्वका नया क्षेत्र पहिचान गरिने छ साथै सेवा शुल्क तथा दस्तुर सामयिक बनाइने छ । वडा तथा नगरबाट सेवा सुविधा उपलब्ध गराउदा सेवाग्राहीले कानुन बमोजिम दाखिला गर्नु पर्ने कर दस्तुर बुझाएको प्रमाण माग गरिने अभ्यासको थालनी गरिने छ । वडागत राजस्व सकलनको आधारमा वडाबाट माग भएका कार्यक्रममा थप रकम उपलब्ध गराइने छ साथै आगामी बजेट तर्जुमा गर्दा राजस्व संकलनलाइ बजेट वितरणको मूल आधार बनाइने छ ।

५.५ अभिलेख, दर्ता, चलानी, योजना प्रशासन, जिन्सी व्यवस्थापन, तथा आर्थिक प्रशासनलाइ सफटवेयरमा आधारति बनाइने छ।

५.६ उपभोक्ता समिति मार्फत गरिने नगर तथा वडास्तरीय योजनाहरु कार्यान्वयनको लागि कार्यादेश मसिर मशान्त भित्र सम्पन्न गरिने छ। हरेक योजना स्थलमा विस्तृत विवरण सहितको होर्डिडबोर्ड राख्ने कार्यलाइ अनिवार्य बनाइने छ।

५.७ वडाभित्र संचालन हुने योजना कार्यान्वियनलाई प्रभावकारी बनाउन सबै वडासदस्यहरुको अनिवार्य उपस्थिति वा सहमतिमा उपभोक्ता समिति गठन गरिने छ साथै नियमित अनुगमनको काममा वडा सदस्यलाइ जिम्मेवार बनाइने छ। सो को लागि वडाको संझौता सिफारिस पत्रमा अनुगमनको जिम्मेवारी तोकिएको सदस्यको नाम किटान गरिने छ। कुनै पनि आयोजनाको भुक्तानी वडासमितिको सिफारिसमा मात्र गरिनेछ।

५.८ कुनै कार्यक्रम वा आयोजना सशोधन गर्नु परेमा कारण सहित वडा समितिको सिफारिसमा संझौता अवधि अगावै कार्यपालिकाको बैठकको निर्णयबाट मात्र हुनेछ। सो को अनुमोदन नगर सभाबाट हुनु पर्नेछ।

५.९ लक्षित कार्यक्रमहरुबाट विषयगत शाखाहरुको सयोजनमा संचालन हुनेछन जसलाइ नगरस्तरमा संचालन गर्दा नगरप्रमुख वा निजले तोकेको पदाधिकारीले र वडास्तरमा वडाध्यक्ष वा निजले तोकेको सदस्यले सुपरीवेक्षण गर्नेछ। लक्षित कार्यक्रम संचालन गर्दा सबै वडाको जनता लाभान्वित हुने गरी एकिकृत रुपमा संचालन गरिने छ।

५.१० कार्यपालिकाको निर्णय ४८ धण्टा भित्र सार्वजनिक गरिनेछ।

५.११ प्रत्येक महिनाको आयव्यय विरवरण सार्वजनिक गरिनेछ। कार्यालयमा गुनासो पेटिका गुनासो सुनुवाई संयन्त्र एवं नागरिक वडापत्रको व्यवस्था गरिने छ। उक्त अभ्यासलाई वडा तह सम्म संस्थागत गरिनेछ।

५.१२ विभिन्न शाखामा स्वीकृत दरवन्दी बमोजिम न.पा. बाट पारित करार सेवा निर्देशिका बमोजिम प्राविधिक जनशक्ति स्वच्छ प्रतिस्पर्धाको आधारमा भर्ना गरिनेछ।

५.१३ वार्षिक खरिद गुरुयोजना तयारी गरी सोको आधारमा मात्र खरिद व्यावस्थापन गरिनेछ।

५.१४ लक्षित कार्यक्रम, सीपमुलक तालिम जस्ता कार्यक्रम एकद्वार प्रणालीमा न.पा बाट मात्र निर्धारित ढाँचा तथा मापदण्डमा संचालन गरिनेछ।

५.१५ न.पा. तथा वडा बाट खरिद भएका जिन्सी सामग्रीहरुको अभिलेख सार्वजनिक गरिनेछ।

५.१६ जनप्रतिनिधि एव कर्मचारीहरुको क्षमता विकासको लागि क्षमता विकास कार्यक्रम संचालन गरिनेछ।

५.१७ न्यायिक समितिको क्षमता अभिवृद्धिको लागि कार्यक्रम सचलन गरिने छ।

५.१८ अभिलेख तथा सूचना प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक सफटवेयर प्रणाली जडान, अभिलेख अद्यावधिक तथा न.पा.को Website Update गरी Website मार्फत सबै निर्णय, सूचनाहरु सार्वजनिक गरिने छ।

५.१९ गैसस, दातृनिकाय वा साझेदार सस्थाको कार्यक्रम नगरपालिककाको स्वीकृति विना नगरपालिकामा कार्यान्वयनको अनमति दिइने छैन। साझेदार सस्थाहरुको सहयोगलाइ प्रभावकारी बनाउन तथा आवश्यक समन्वको लागि गैसस समन्वय शाखा स्थापाना गरिनेछ।

सभासदस्यज्युहरु,

अब म आ.व. ०७५।०७६ को बजेट आय , व्यय , अनुमान, प्रस्तुत गर्नु भन्दा पूर्व आ.ब. ०७५।०७६ को जेष्ठ महिना सम्मको यथार्थ खर्चको स्थिति स्पष्ट गर्न चाहन्छु ।

**यस आ.ब. ०७५।०७६ को जेष्ठ मसान्त सम्मको यथार्थ खर्च**

| सि.न. | खर्च शिर्षक | चालु | पुजिगत | जम्मा |
|---|---|---|---|---|
| १ | यस कार्यालय | ९,६७,१८,३९५.०२ | १७,०१,४१,०२८.५९ | २६,६८,५९,४२३.६१ |
| २ | स्वास्थ्य | ४,३४,९३,८७८.७० | 0.00 | ४,३४,९३,८७८.७० |
| ३ | शिक्षा | १७,२७,९०,५७७.९३ | ५४,२५,२००.०० | १७,८२,१५,७७७.९३ |
| ४ | अस्पताल | १,८२,४५,३६३.१० | 0.00 | १,८२,४५,३६३.१० |
| ५ | आयुर्वेद | २२,८७,५३५.४० | 0.00 | २,२८७,५३५.४० |
| ६ | कृषि र पशु | ४३,०८,७२२.७९ | 0.00 | ४३,०८,७२२.७९ |
| ७ | गरीब संग विशेश्वर | १,३०,०००.०० | 0.00 | १,३०,०००.०० |
| -८ | प्रधानमंत्री रोजगार | ४,१५,२००.०० | 0.00 | ४,१५,२००.०० |
| ९ | महिला बिकास | १९,७९,१६०.८१ | 0.00 | १९,७९,१६०.८१ |
| १० | उर्जा | २,५०,०००.०० | 0.00 | २,५०,०००.०० |
| ११ | सामाजिक सुरक्षा | १३,८२,०५,९००.०० | 0.00 | १३,८२,०५,९००.०० |
| १२ | स्थानीय पुर्वाधार | 0.00 | ९९,३६,९९३.७७ | ९९,३६,९९३.७७ |
| १३ | तराई मधेश | 0.00 | १,५८,४६,१९९.३१ | १,५८,४६,१९९.३१ |
| १४ | प्रदेश तथा स्थानीय तह क्षमता विकास | ३,०५,०००.०० | 0.00 | ३,०५,०००.०० |
| १५ | बहुक्षेत्रीय पोषण | २०,००,०००.०० | 0.00 | २०,००,०००.०० |
| | | ४८,११,२९,७३३.८० | २०,१३,४९,४२२.०० | ६८,२४,७९,१५५.४० |

सभासदूयज्युहरु

अब म अगामी आ.व. ०७६/०७७ को अनुमानित आय विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## आ.व. ०७६।०७७ को अनुमानित आय

| सि.नं. | शीर्षक | आ.व.२०७६/७७ को अनुमान |
|---|---|---|
| आन्तरिकश्रोत | | २२३३५६००० |
| १ | एकीकृत सम्पती कर | ५०००००० |
| २ | भुमिकर/मालपोत | १०००००० |
| ३ | घरवहाल कर | ५००००० |
| ४ | नक्सापास दस्तुर | २५००००० |
| ५ | सिफारिश दस्तुर | १४०५०००० |
| ६ | व्यक्तिगत घटना दर्ता दस्तुर | २००००० |
| ७ | नाता प्रमाणित दस्तुर | ५००००० |
| ८ | अन्य दस्तुर | ५०००० |
| ९ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | १०००००० |
| १० | अन्य क्षेत्रको आय | ७५००००० |
| ११ | न्यायिक दण्ड, जरिवाना र जफत | २५००००० |
| १२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | २००००० |
| १३ | रजिष्ट्रेशन दस्तुर मालपोत | ३८३५६०००.०० |
| १४ | नगद आ.व.०७५/०७६ को आ.ल्या | १५००००००.०० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | | २१३४३९००० |
| १ | बाँडफाँडभई प्राप्त हुने मूल्य अभिबृद्धि कर [राजस्व बाँडफाँड - संघीय सरकार] | १८१५००००० |
| २ | बाँडफाँटबाटप्राप्त हुने सवारी साधन कर [राजस्व बाँडफाँड - प्रदेश सरकार ] | ३१९३९००० |
| संघीय सरकार | | ८६३३८९००० |
| १ | शसर्त अनुदान चालु | ५७१७८९००० |
| २ | समानिकरण अनुदान | २९१६००००० |
| प्रदेश सरकार | | ३९९२९००० |
| १ | विषेश अनुदान चालु | ५०००००० |
| २ | शसर्त अनुदान चालु | २००००००० |
| ३ | समपुरक अनुदान पुँजीगत | ६०००००० |
| ४ | समानिकरण अनुदान | ८९२९००० |
| बैदेशिक | | ९७१४००० |
| १ | नगदअनुदान | १६४०००० |
| २ | सरसफाई युनिसेफ नगद अनुदान | ८०७४००० |
| जनसहभागिता | | ३००००००० |
| १ | नगद | ३००००००० |
| | जम्मा आम्दनी | रु १३७९८२७०००.०० |

सभासदूयज्युहरु अब म अगामी आ.ब. ०७६/०७७ को अनुमानित व्यय विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

आ.ब. ०७६/०७७ को अनुमानित व्यय

| सि.नं. | खर्चशिर्षक पुजिगत | रकम | बजेटउप शिर्षक नं. |
|---|---|---|---|
| १ | वडाकार्यलय भवन निर्माण ज्याला वापतको रकम प्रधानमंत्रि स्वरोजगार कार्यक्रमबाट व्यहोर्ने | २००००००.०० | ३११११ |
| २ | नपा कार्यालय भवन निर्माण तल्ला थप | ८०००००.०० | ३११११ |
| ३ | सवारीसाधन | ६५०००००.०० | ३११२१ |
| ४ | मेशिनरी तथा औजार | ५०००००.०० | ३११२२ |
| ५ | कृषी बिधुतिकरण सबै वडामा | | ३११५३ |
| ६ | फर्निचर तथा फिक्चर्स | ५०००००.०० | ३१५११ |
| ७ | अन्यखप्रे समान | १०००००.०० | ३१५११ |
| ८ | सडकबत्ति | ४०००००.०० | ३१५११ |
| ९ | धाराजडान तथा मर्मत | ३०००००.०० | ३१५११ |
| १० | वडास्तरीय योजना | २४३००००००.०० | ३१५११ |
| ११ | नगरस्तरीय योजना | १५६००००००.०० | ३१५११ |
| १२ | दायीत्व भुक्तानी चालु आ.ब.७५/७६ का योजनाहरु | ७२५००००००.०० | ३१५११ |
| १३ | समपुरककोष स्थापना | १००००००.०० | ३१५११ |
| १४ | मर्मतसंभार कोष | ७५०००००.०० | ३१५११ |
| १५ | वातबरण सरक्षण कोष | १५०००००.०० | ३१५११ |
| १६ | दैवीप्रकोप उदार तथा राहत कोष | ५७४००००.०० | ३१५११ |
| १७ | जनश्रमदान रकम फिर्ता | ३००००००.०० | ३१५११ |
| १८ | डिपि आर तयारी बिभिन्न योजनाहरु | २०००००.०० | ३१५११ |
| १९ | व्यवसायीक कृषि पशुपालन तथा मत्स्य बिकास प्रोत्साहन कोष | १०००००.०० | ३१५११ |
| | पुँजीगत खर्च जम्मा | ५७७२४००००.०० | |

| सि.नं. | खर्चशिर्षक चालु | रकम | बजेटउप शिर्षक नं. |
|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी स्थाई कर्मचारी | ३२०००००० | २११११ |
| २ | पर्वखर्च स्थाई कर्मचारी | २३००००० | २११११ |
| ३ | पर्वखर्च करार कर्मचारी | ७७८००० | २११११ |
| ४ | वडाको बिजुली मिस्त्रीको तलब खर्च | १८७२०० | २११११ |
| ५ | पारिश्रमिक पदाधिकारी | ११६००००० | २१११२ |
| ६ | कार्यरत कर्मचारीको पोषाक खर्च | १६३०००० | २११२१ |
| ७ | स्थानीयभत्ता स्थाई कर्मचारी र करार सेवाका कर्मचारी | ४०००००० | २११३१ |
| ८ | महंगीभत्ता स्थाई कर्मचारी | २०००००० | २११३२ |
| ९ | कर्मचारीको बैठक भत्ता | ४५२६०० | २११३४ |
| १० | रासनभत्ता | ५००००० | २११३९ |
| ११ | अन्य समिति ईत्यादी भत्ता | ५००००० | २११३९ |
| १२ | शिक्षा महाशाखा अन्तर्गत बैठककमा यातायात खर्च खाजा तालिम अन्तकृया अनुगमन कार्यक्रम | १०००००० | २११३९ |

| | | | |
|---|---|---|---|
| १३ | कर्मचारी कल्याण कोष उपदान संचित बिदा बिरमी बिदा उपचार खर्च समेत | २००००००० | २१२१४ |
| १४ | पानी तथा बिजुली | ५००००० | २२१११ |
| १५ | संचार महसुल | ५००००० | २२११२ |
| १६ | इन्धन (पदाधिकारी) | १६०००००० | २२२११ |
| १७ | इन्धन कार्यालय कर्मचारी | २५०००००० | २२२१२ |
| १८ | सरसफाई सवारी साधन ईन्धन | ४०००००० | २२२१२ |
| १९ | बिमा तथा नवीकरण खर्च सवारीसाधन | १०००००० | २२२१४ |
| २० | सवारी साधन मर्मत | ३०००००० | २२२२१ |
| २१ | मेसिनरी तथा औजार मर्मत | ५००००० | २२२२१ |
| २२ | मसलन्द तथा कार्यालय सामाग्री | १०००००० | २२३११ |
| २३ | पुस्तक तथा सामग्री खर्च | १००००० | २२३१३ |
| २४ | इन्धन - अन्य प्रयोजन | १००००० | २२३१४ |
| २५ | पत्रपत्रिका तथा पुस्तक | ३००००० | २२३१५ |
| २६ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २५०००००० | २२३१५ |
| २७ | अन्य कार्यालय संचालन खर्च | १८५०००० | २२३१९ |
| २८ | स्विपरहरुकोज्याला | २२३६६८०० | २२४११ |
| २९ | करार सेवाका कर्मचारीहरको तलव | ९३३५००० | २२४११ |
| ३० | वडाका कार्यालय सहयोगीको तलव करार | २२६८००० | २२४११ |
| ३१ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ५००००० | २२४१२ |
| ३२ | करार सेवा शुल्क मर्मत सभार कर्ता | १८०००० | २२४१३ |
| ३३ | अन्यसेवा शुल्क परामर्श | ५००००० | २२४१९ |
| ३४ | अन्यसेवा शुल्क नगर प्रहरी | १४४०००० | २२४१९ |
| ३५ | ईन्टरनेट सेवा | ६००००० | २२४१९ |
| ३६ | ऐन कानुन तर्जुमा तथा परिमार्जन र प्रकाशन | २०००००० | २२५१२ |
| ३७ | नगरप्रोफाईल | २०००००० | २२५१२ |
| ३८ | नगरगुरु योजना | २०००००० | २२५१२ |
| ३९ | नगर यातायात गुरु योजना | २०००००० | २२५१२ |
| ४० | कर्मचारी क्षमता बिकास पंजिकरण सहित | १०००००० | २२५१२ |
| ४१ | जनप्रतिनिधी क्षमता बिकास | १०००००० | २२५१२ |
| ४२ | बाल कल्याणबाल श्रमिक न्युनिकरण बाल हिसा न्युनिकरण | ५००००० | २२५१२ |
| ४३ | सहकारी संस्थाहरुको नियमन अनुगमन तथा क्षमता बिकास | ३००००० | |
| ४४ | पर्यटन गुरुयोजना | १५०००००० | |
| ४५ | उपभोक्ता समिति क्षमता बिकास तालिम | १०००००० | २२५१२ |
| ४६ | भ्रमणखर्च कर्मचारी | २०००००० | २२६१२ |
| ४७ | पदाधीकारी भ्रमण | १५०००००० | २२६१२ |
| ४८ | विविधखर्च वडा कार्यालय संचालन तर्फ | ३२४०००० | २२७११ |
| ४९ | नगरसभा सदस्य कार्यपालिका सदस्य बाहेकको यातायात र संचार | ३८८८००० | २१११२ |
| ५० | बिविधखर्च | २४०००००० | २२७११ |
| ५१ | सभा सञ्चालन खर्च | १५०००००० | २२७२१ |
| ५२ | आर्थिक सहायता चन्दा पुरस्कार | १५०००००० | २५३१५ |

| | | | |
|---|---|---|---|
| ५३ | घरभाडा | १५००००० | २८१४२ |
| ५४ | सवारीसाधन तथा मेशिनर औजार भाडा | ३१००००० | २८१४३ |
| ५५ | धर्मसंस्कृति संरक्षण तथा संबर्धन कार्यक्रम | ४०००००० | २८१४३ |
| ५६ | सार्वजानिक सुनुवाई तथा विकास कार्यक्रमको सामाजिक परीक्षण | १४००००० | २८१४३ |
| ५७ | पुरस्कार तथा कर्मचारी उत्प्रेरणा | ५००००० | |
| ५८ | गुनासो पेटिका नागरीक वडा पत्र र सेवाग्राही आचार सहिता | ५००००० | |
| ५९ | अन्य भाडा | ४००००० | २८१४९ |
| ६० | एक गाउ एक कृषि र पशु प्राविधिकको तलब पर्व खर्च र पोषाक समपुरक कोष | ३७६००० | |
| ६१ | भैपरी आउने चालु खर्च विधालय स्तरीय परीक्षा संचालन तथा व्यवस्थापन समेत | १४८२४०० | २८९११ |
| ६२ | चालु आ.ब.को दायीत्व सेर्न सक्रे | ७०००००० | |
| ६३ | लामखुटे नियन्त्रण | ५५०००० | |
| | चालु खर्च कार्यक्रमको जम्मा | १९१७२४००० | |

यसै सन्दर्भमा यस उपमहानगरपालिकाको आर्थिक सामाजिक विकास एवं सेवा प्रवाहमा संलग्न सबै, कर्मचारीहरु, उपमेयर एवं नगरसभाका सदस्यज्यूहरु, समाजसेवी, बुद्धिजीवीहरु, नागरिक समाज प्रति उपमहानगरपलिकाको चौथो नगरसभाको यस अवसरमा धन्यवाद ज्ञापन गर्दछु । यसैगरी यो बजेट नीति तथा कार्यक्रम तर्जुमामा संलग्न प्रमुख प्रशासकीय अधिकृत तथा अन्य कर्मचारीहरु प्रति कृतज्ञता ज्ञापन गर्दै नीति, कार्यक्रम तथा बजेटको सफल कार्यान्वियनमा सबै पक्षको सदा झै सक्रिय सहयोगको अपेक्षा एवं विश्वास राखेको छु ।

आदरणीय साभासदस्यज्यूहरु अब म यस सम्मानित सभा समक्ष तपसिलका विषयहरु उपर छलफल गरी स्विकृती प्रदान गरियोस भन्ने प्रस्ताव पेश गर्दछु ।

१. चालु आ.व.को वार्षिक कार्यक्रम कार्यन्वयनको समिक्षा
२. आ.व. २०७६/०७७ को क्षेत्रगत नीति तथा कार्यक्रम (विस्तृत बिवरण संलग्न छ)
३. आ.व. २०७६/०७७ को अनुमानित बजेट (आय/व्यय) को अनुमान (विस्तृत बिवरण संलग्न छ)
४. आ.व. २०७६/०७७ को विनियोजन ऐन, २०७६ (विस्तृत बिवरण संलग्नछ )
५. आ.व. २०७६/०७७ को आर्थिक ऐन, २०७६ (विस्तृत बिवरण संलग्न छ)

६ यस नगरकार्यपालिकाको तथा वडाकार्यालयको लागी तपसिल बमोजिम दरबन्दी बिवरण स्वीकृत गरीयो ।

७. विभिन्न प्रयोजनको लागि निम्न अनुसारको थप बैंक खाता खोल्ने तथा संचालन सहमती प्रदान गरीयो ।

१. विभाज्य कोष खाता
२. आयोजना मर्मत सभार कोष खाता
३. आर्थिक सहायता वितरण कोष खाता
४. दैवी प्रकोप तथा विपद व्यवस्थापन कोष खाता
५. आयोजना Contingency खाता
५. साझेदार आयोजना खाता
६. स्थानीय विकास कोष खाता

८.

कर्मचारीहरुको मनोवल उच्च वनाउन उनिहरुको वृति विकासको लागि आवश्यक नीति र प्रवन्धं क्षमता विकास कानुन वमोजिम वढुवा लगायतका विषयहरु नियमित रुपमा संचालन गर्ने सहमती प्रदान गरियो ।

९.

नगर कार्यपालिका तथा वडा कार्यालयवाट प्रवाह गरिने सेवा एव विकास निर्माणको कार्यलाई प्रभावकारी वनाउन स्विकृत दरवन्दीको भित्र रही स्थायी पदपुर्ति नभएसम्म दैनिक ज्यालादारी वा करार सेवामा आवश्यक कर्मचारीहरु भर्ना गरी काम गर्ने सहमती प्रदान गरियो । साथै हाल सेवा करारमा कार्यरत कार्यरत कर्मचारीहरुलाई कानुन वमोजिम स्थायी पदपुर्ति नभएसम्म करार सम्झौता नविकरण/म्याद थप गर्ने स्विकृति प्रदान गरियो ।

११ अन्य सामायिक विषयवस्तुहरु

११.१ वैदेशिक रोजगार सम्वद्ध सहजीकरणको लागि समृद्धि परियोजना र उपमहानगरपालिका वीच भएको सम्झौता अनुमोदन गरियो।

११.२ वैदेशिक रोजगार सहजीकरण सम्वन्धि परियोजना संग यस उपमहानगरपालिका र SaMi परियोजनासंग भएको सम्झौताको अनुमोदन गरियो ।

११.३ चालु आ.व. मा कार्यपालिका वाट भएका विभिन्न निर्णयहरु, नगरप्रमुखको आदेश वमोजिम भएको आर्थिक सहायता एवम् विपदमा परेकालाई तत्काल राहत स्वरुप उपलब्ध गराइएको खर्चको अनुमोदन गरियो ।

११.४ शर्शत अनुदान अन्तर्गत विभिन्न ६ वटा विधालयमा नयांकक्षा कोठा तथा मर्मत संभारकोलागि विनियोजित रकमवाट विभिन्न कारणले कार्यादेश दिन ढिलाई भएको तर कार्यप्रगति भैरहेको अवस्था भएकोले अनुदान वापतको रकम विधालयको खातामा एकमुष्ट निकाशा दिई खाता रोक्का गर्ने, सार्वजनिक खरिद ऐन वमोजिम कार्यप्रगतिको आधारमा प्राविधिक मूल्यांकन (कार्यसंपादनको) आधारमामात्र रोक्काखातावाट नगरपालिकावाट तोकिएको रकममात्र खर्च गर्न पाउने गरी नगरपालिकालाई सहमती प्रदान गरियो ।

११.५ नगरको राजस्व अभिवृद्धि, नगरका निर्णयहरु कार्यान्वयन, नक्सा पास विना घर टहरा वनाउन नियन्त्रण गर्ने वा वनेका संरचनाहरुको अभिलेखीकरण गर्ने, नगरको सरसफाई लगायत कार्यहरुलाई व्यवस्थित तथा प्रभावकारी वनाउन यस कार्यालयमा हाल कार्यरत कार्यालय सहयोगीहरु मध्ये युवा अवस्थाका कार्यालय सहयोगीहरुलाई नगर प्रहरीको जिम्मेवारी दिने र पाको उमेर भएका (५० वर्ष पुगेका) का.स. तथा नगरप्रहरीहरुलाई कार्यालय सहयोगीको काममा खटाइ चालु प्रशासनिक खर्च नवढाई नगर प्रहरीको सख्या वृद्धि गर्ने गरी आवश्यक व्यवस्था गर्न नगर कार्यपालिकालाई नीतिगत सहमति दिइयो ।

११.६ उपभोक्ता समितिहरुवाट संपादन गरिने योजनाहरुको कार्यान्वयनलाई प्रभावकारी वनाउन नगर तथा वडास्तरीय योजनाहरुको संम्झौता तथा कार्यादेश, २०७६ मंसिर मशान्त भित्र सम्पन्न गर्ने गरी कार्यपालिकालाई विशेष निर्देशन गरियो । साथै कुनै पनि सडक ढलान कार्य कम्तिमा १३ फुट चौडाई मापदण्ड कायम गरियो ।

११.७ नगरसभावाट स्वीकृत वार्षिक कार्यक्रमको लागि आवश्यक पर्ने कार्यविधि तथा मापदण्ड, २०७६ मंसिर मशान्त भित्र स्वीकृत गराई लागु गर्न गराउन कार्यपालिकालाई विशेष निर्देशन गरियो ।

११.८ कार्यालयको वढदो कार्यबोझ तथा जनशक्तिको न्युनतालाई मध्यनजर गरी विकास निर्माण तथा सेवा प्रवाहलाई प्रभावकारी वनाउने उदेश्यले कार्यसम्पादन तथा अतिरिक्त समयकाम गरेको आधारमा मात्र नगर कार्यपालिका तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई साविक देखी खाईपाई आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिने निर्णय गरीयो ।

१२. समानीकरण तर्फका चालु आ.व.मा कम्तिमा रु ७ लाख वा सो भन्दा वढी रकम बिनियोजन भइ उपभोक्ता समिति मार्फत कार्यान्वयनको लागि संझौता तथा कार्यादेश भइ काम शुरु भएका तर उपयुक्त कारणले कार्य सम्पन्न हुन नसकेका र त्यस्ता आयोजना सम्पन्न नगर्दा हाल सम्म भएको लगानी औचित्यविहिन हुने साथै नागरिकलाइ सेवा प्रवाहमा समेत कठिन हुने आयोजनाहरु सम्पन्न गर्नको लागि निरन्तरता दिइ २०७६ मसिर मशान्त भित्र स्वीकृत लागत अनुमान, डिजाईन र विनियोजित वजेटको सीमा भित्र अन्तिम पटकको लागि अवधि थप गर्ने गरी क्रमागत आयोजनाको रुपमा संपन्न गर्न गराउन कार्यपालिकालाई सहमति प्रदान गर्ने ।

१३. नगरसभाका सदस्यहरु (कार्यपालिका सदस्य बाहेक) लाई प्रदेश कानुन वमोजिम तोकिएको पारिश्रमिक सुविधाको अतिरिक्त नगरपालिकाको आन्तरिक आयश्रोतवाट पुग्ने अवस्था भएसम्म यातायात र सचार खर्च वापत मासिक रु. तिन हजार एममुष्ट उपलब्ध गराउने र सभासदस्यहरुले आ-आफ्नो वडा तथा नगर भित्र सेवा प्रवाह विकास आयोजना निमार्णको अनुगमन गर्न सहजीकरण गर्ने । राजश्व संकलन तथा फोहर व्यवस्थापनमा सहयोग समन्वय लगायतका कार्यमा सक्रियपुर्वक संलग्न हुने निर्णय गरियो ।

१४. चौथौ नगर सभाको क्रममा सभाध्यक्ष ज्युबाट प्रस्तुत विषयमा अतिरिक्त सभामा छलफल भई नगरसभाले निर्देशन गरेका विषयहरु:
नगरकार्यपालिका तथा वडा कार्यालयहरुवाट गरिने सेवा प्रवाह तथा विकास निर्माणकार्यलाई प्रभावकारी बनाउन, आर्थिक कारोवारमा मितव्ययिता अपनाउन एवं कर्मचारीहरुको सेवा सुविधा तथा वृत्ति विकासका सम्बन्धमा आवश्यक नीतिगत व्यवस्थाको लागि तपसिल वमोजिम र अन्य आवश्यक नियम तथा कार्यविधि यथासिघ्र तयार गरिलागु गर्न गराउन कार्यपालिकालाई निर्देशन दिइयो ।

- आन्तरिक नियन्त्रण कार्यविधि,
- सहकारी संस्था सचालन तथा व्यवस्थापन नियमावली
- कर्मचारी प्रोत्साहन भत्ता मापदण्ड र कर्मचारी वृत्ति विकास मापदण्ड
- नगरप्रहरी संचालन कार्यविधि
- सार्वजनिक खरिद नियमावली,
- वजेट कार्यान्वयनको लागी आवश्यक अन्य नीतिगत व्यवस्थाहरु